ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनु साथै छपाई सम्बन्धि सम्पूर्ण कार्य गरिन्छ।
एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक
# धनगढी पोष्ट
www.dhangadhipost.com

खुशीको खबर !
"सीप सिकौं आत्मनिर्भर बनौं।"
हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक डिजाइनका कपडाहरु सिलाई गरिन्छ।
वबी बुटिक
एल.एन.चौक, धनगढी
मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९

वन, बाघ संख्या र वसुधैव कुटुम्बकम् ②
प्रधानमन्त्री कप : आर्मी र बागमती सुपर फोरमा ③
वडाध्यक्षको पहलमा कार्यालय परिसरमा फूलबारी ④

वर्ष २३ अंक १३७ वि.सं. २०८१ माघ ९ गते बुधबार (Jan. 22, Wednesday 2025) मुल्य रु. ४/- पेज -४

# धनगढी उपमहानगरद्वारा ५५१ मृतकका आफन्तलाई दाहसंस्कार खर्च

**पोष्ट संवाददाता**

धनगढी । कैलालीको धनगढी उपमहानगरपालिकाले पाँच सय ५१ मृतकका आफन्तलाई दाहसंस्कार खर्च उपलब्ध गराएको छ । गत वर्ष २०८० साल असोज २ गतेबाट दाह संस्कार खर्च उपलब्ध गराउँदै आएको उपमहानगरपालिकाले २०८१ सालको माघ दोस्रो सातासम्म सो संख्यामा परिवार लाभान्वित भएका छन् ।

धनगढीमा कुनै नगरवासीको मृत्यु हुँदा आर्थिक अभावमा दाहसंस्कार गर्न समस्या नहोस् भनेर दाह संस्कार खर्च उपलब्ध गराउँदै आएको धनगढी उपमहानगरीय प्रहरी बलका नगर प्रहरी प्रमुख लक्ष्मण सिंह धामीले बताए ।

मृतकको घरैमा नगर प्रहरी पठाएर आफन्तलाई दाहसंस्कार गर्न नगद पाँच हजार रुपैयाँ दिने गरेको उनले बताए । उनका अनुसार पाँच सय ५१ परिवारलाई पाँच हजार रुपैयाँका दरले दुई लाख ७५ हजार पाँच सय रुपैयाँ दाहसंस्कार खर्च उपलब्ध गराइएको छ ।

धनगढी उपमहानगरपालिकाले विपन्न, असहाय, आर्थिकस्थिति एकदमै कमजोर भई मृतकको दाहसंस्कार गर्न समस्या भएका आफन्तहरुलाई दाहसंस्कार खर्च उपलब्ध गराउँदै आएको छ ।

धनगढी उपमहानगरपालिकाले २०८० सालको भदौ ३१ गतेको २६ औं कार्यपालिका बैठकबाट उपमहानगरपालिका क्षेत्र भित्रका मृतकको दाहसंस्कार गर्न समस्या भएका मृतकका आफन्तहरुलाई दाहसंस्कार खर्च उपलब्ध गराउँदै आएको हो ।



नगर प्रहरी प्रमुख धामीका अनुसार मृतकको घरमै गएर रकम हस्तान्तरण गर्नुका साथै दुईजना नगर प्रहरी शवलाई उपमहानगरपालिकाको झण्डा ओढार सलामी दिने गरेका छन् । उनले हालसम्म ४९ जना मृतकलाई दाहसंस्कार खर्च नदिई झण्डा ओढार सलामी मात्रै दिइएको बताए ।

उनले शव जलाउँदा टायर र पलास्टिकको प्रयोग नहोस् र विपन्न परिवारले दाउरा किनेर शव जलाउन भन्ने उदेश्यले मृतकका आफन्तलाई दाहसंस्कार खर्च उपलब्ध गराएको बताए । दाहसंसकार खर्च आवश्यक नपरेकालाई सलामी मात्र दिने गरेको उनको भनाइ छ । दाहसंस्कार खर्च विपन्न परिवारलाई उपलब्ध गराउने उपमहानगरको उदेश्य रहेको भएपनि धनि व्यक्तीले समेत दाहसंस्कार खर्च माग्ने गरेकाले समेत आर्थिक लोड बढेको उनले बताए । दैनिक सरदरमा दाहसंस्कार दुई/तीन जनाको हुने गरेको उनले बताए ।

उपमहानगरपालिकाले १९ वटा वडाका नगरबासिलाई दाहसंस्कार खर्चसहित झण्डा ओढार सलामी दिने गरेको भएपनि नगरबासी बाहेक बाहिर बाट आएर धनगढीमा दाहसंस्कार गर्ने मृतकको शवमा झण्डा ओढार सलामी मात्रै दिने गरेको छ ।

यसका साथै उपमहानगरपालिकाले घर तथा अस्पतालबाट घाटसम्म तथा अस्पतालबाट घरसम्म शव लैजान निःशुल्क शववाहन सेवा उपलब्ध गराउँदै आएको छ ।

उपमहानगरभित्र कुनै नागरिकको निधन भएमा प्रदान गरिदैं आएको सेवा छिमेकी पालिकाहरुमा समेत विस्तार गरिएको छ । उपमहानगरपालिकाले छिमेकी पालिकाहरुमा पनि केही सेवाहरु उपलब्ध गराउँदै आइरहेको छ ।

उपमहानगरपालिकाले छिमेकी पालिका कैलारी गाउँपालिका, गौरीगंगा नगरपालिका, गोदावारी नगरपालिका, कृष्णपुर नगरपालिका र पुनर्वास नगरपालिकाका नागरिकहरुलाई शव चिस्यान सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

उपमहानगरपालिकाले गोदावारी नगरपालिकामा शव चिस्यान सेवा उपलब्ध गराएको भएपनि अहिले सेवा बन्द गरेको छ । उपमहानगरपालिकाले हालसम्म दुई सय ३४ मृतकका परिवारलाई शव चिस्यान सेवा उपवलब्ध गराएको जनाएको छ ।

कसैको मृत्यु भएपछि टाढा रहेका आफन्त आइपुग्न ढिलो हुने भएपछि शवलाई चिस्यान केन्द्रमा राख्ने व्यवस्था मिलाइएको नगर प्रहरी प्रमुख धामीले बताए । मृतकका आफन्त काम विशेषले घरबाहिर भएका र उनीहरु नआउन्जेलसम्म शवलाई सुरक्षित राख्न निःशुल्क रुपमा शव चिस्यान सेवा उपलब्ध गराइएको उनले बताए ।

उपमहानगरपालिकाले विद्युतबाट सञ्चालन हुने पाँचवटा शव चिस्यान मेसिनबाट सेवा दिइरहेको छ । तीन वटा धनगढीवासीका लागि तथा दुईवटा चिस्यान मेसिन छिमेकी पालिकालाई उपलब्ध गराउने गरेको छ ।

दाहसंस्कार खर्चका लागि सम्बन्धित व्यक्तिले उपमहानगरपालिकाको टोल फ्रि नं. १८१०५०००९० मा नगर प्रहरीलाई सम्पर्क गरेमा नगर प्रहरीले तत्काल वडा कार्यालयको समन्वयमा उक्त रकम उपलब्ध गराउने गरेको छ ।

# निमोनियाबाट दुई शिशुको मृत्यु

बझाङ । बझाङमा निमोनियाका कारण दुई शिशुको मृत्यु भएको छ । मृत्यु हुनेमा बुंगल नगरपालिका वडा नम्बर ९ का ६ महिने शिशु र केदारस्युँ गाउँपालिका वडा नम्बर ५ का २ महिने शिशु रहेका छन् । विगत केही दिन देखि यी दुवै नवजात शिशुमा रुघाखोकी र श्वास प्रश्वास सम्बन्धित समस्या देखिएको थियो ।

बुंगल नगरपालिका वडा नम्बर ९ का ६ महिने शिशुको खिरातडी स्वास्थ्य चौकी ल्याउने क्रममा माघ ६ गते बाटोमै मृत्यु भएको थियो । भने त्यसको भोलिपल्टै अर्थात् माघ ७ गते फेरि केदारस्युँ गाउँपालिका वडा नम्बर ५ का २ महिने शिशुको पनि खिरातडी स्वास्थ्य चौकीमा उपचार सम्भव नभए पछि डडेलधुरा रिफर गरेकोमा अस्पताल नपुऱ्याउदै बिच बाटोमै मृत्यु भएको खिरातडी स्वास्थ्य चौकीमा कार्यरत डाक्टर दिलबहादुर गुर्धामीले जानकारी दिएका छन् ।

बच्चाहरूलाई समयमा अस्पताल नल्याउने र बच्चा सिकिस्त अवस्थामा पुगे पछि मात्र अस्पताल ल्याउने गर्ने प्रवृत्तिले बच्चाहरूको मृत्यु हुने गरेको गुर्धामीले बताए ।

# लागूऔषधसहित एक पक्राउ

धनगढी । कैलालीको धनगढीमा लागुऔषध सहित एक जना पक्राउ परेका छन् । धनगढी उपमहानगरपालिका वडा नम्बर १३ झलारी गाउँबाट सोही ठाउँ बस्ने २७ वर्षीय खेमराज राना पक्राउ परेका हुन् ।

रानालाई १४० मिलिग्राम लागूऔषध सहित नियन्त्रणमा लिएको प्रहरी चौकी कैलालीले जनाएको छ ।

# भन्सार छलीका सामान बरामद

कञ्चनपुर । कञ्चनपुरबाट भन्सार छलीका कपडा र हार्डवेयरका सामान प्रहरीले बरामद गरेको छ । जिल्लाको भीमदत्त नगरपालिका वडा नम्बर १० भन्सार रोड र भीमदत्त नगरपालिका वडा नम्बर ११ भुजेलाबाट अबैंध रुपमा भारतबाट भन्सार छली गरी ल्याएका अन्दाजी मूल्य एक लाख ६२ हजार ९९० रुपैयाँ बराबरको सामान बरामद गरेको हो ।

उक्त मूल्य बराबरको भन्सार छलीका बिभिन्न किसिमका कपडा, हार्डवेयर र किराना लगायतका सामान बेबारिसे अवस्थामा फेला पारी नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय गड्डाचौकीले जनाएको छ ।

# रुखबाट लडेर महिलाको मृत्यु

बैतडी । बैतडीमा रुखबाट लडेर गम्भीर घाइते भएकी एक महिलाको उपचारका क्रममा मृत्यु भएको छ । जिल्लाको शिवनाथ गाउँपालिका वडा नम्बर ५ बारुगाउँकी ५१ बर्षीया कलावती साउँदको मृत्यु भएको हो ।

घर नजिकै रहेको भिमलको रुखमा स्याउला काट्ने क्रममा यही माघ ५ गते रुखबाट लडेर साउँद गम्भीर घाइते भएकी थिइन् । डडेल्धुरा अस्पतालमा उपचार गराइरहेकी साउँदको माघ ७ गते राति उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रवक्ता प्रहरी निरीक्षक बलराम पाण्डेयले जानकारी दिए ।

# पेस्तोलसहित दुई युवा पक्राउ

लहान । सिरहाको गोलबजार नगरपालिका वडा नम्बर ११ बल्कवास्थित मैनाबत्ती खोला किनारमा लाग्ने भवरी मेलाबाट पेस्तोलसहित दुई युवक पक्राउ परेका छन् ।

मेलामा झगडा गरिरहेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिई खानतलासी गर्दा पेस्तोल र फलामको रड बरामद भएपछि गोलबजार वडा नम्बर १२ बेतौनाका करिब १९ वर्षका प्रमोद ठाकुर र विष्णुकुमार महतोलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार पक्राउ गरिएका दुई जनालाई मातहतको इलाका प्रहरी कार्यालय गोलबजारमा राखेर हातहतियारसम्बन्धी कसुरमा सिरहा जिल्ला अदालतबाट मंगलबार म्याद थप भई थप अनुसन्धान भइरहेको छ ।

# भीम रावलको अभियानमा १०८६ जनाको समर्थन

धनगढी । नेकपा एमालेका पूर्वउपाध्यक्ष डा. भीम रावललाई पार्टीले निष्कासन गरेपछि अछाममा एक हजार ८६ जनाले रावलको अभियानमा लागेको बताएका छन् । भीम रावलको अभियानलाई समर्थन गर्नेमा अछामबाट प्रतिनिधित्व गर्दै एमाले प्रदेश कमिटी तथा विभागीय सदस्य रहेका सात जना, केन्द्रीय विभागका दुई जना, जिल्ला कमिटी सचिवालय सदस्य पाँच जना भीम रावलको पक्षमा उभिएका हुन् ।

यस्तै प्रवास केन्द्रीय प्रतिनिधि परिषद् एक जना, जिल्ला कमिटी सदस्य १७ जना, पूर्वजिल्ला कमिटी सदस्य तीन जना, जिल्ला सल्लाहकार सदस्य १३ जना, नगर कमिटी पदाधिकारी तथा सचिवालय सदस्य १२ जना रहेका छन् ।

त्यसैगरी अनेम संघ कार्यवाहक अध्यक्ष, जनवर्गीय संगठनका प्रमुख तथा पदाधिकारी आठ जना, वडा कमिटी अध्यक्ष तथा पदाधिकारी २२ जना, संगठित सदस्यहरू छ सय ३७ जना र अन्य एमाले कार्यकर्तासहित एक हजार ८६ जना रहेका छन् ।

पत्रकार सम्मेलनमा बोल्दै एमाले अछामका संगठन विभाग प्रमुख प्रकाश शाहले हाललाई नेकपा एमाले परित्याग गरेको नभई मातृभूमि जागरण अभियानलाई समर्थन गरेको दाबी गरे ।

# नेपाल भारत सीमा नाका बन्द

दार्चुला । भारतको तहसील मुख्यालय धारचूला अन्तर्गत हुन गइरहेको स्थानीय निकाय सामान्य निर्वाचनलाई लक्षित गरेर माघ ८ गते साँझदेखि नेपाल-भारत जोड्ने खलंगा स्थित सिमा नाका बन्द भएको छ ।

माघ १० गते हुने निर्वाचनलाई लक्षित गरि ४८ घण्टाको लागी खलंगा स्थित सीमा नाका बन्द गरिएको जिल्ला प्रशासन कार्यालय दार्चुलाले जनाएको छ ।

माघ ८ गते साँझदेखि माघ १० गते मतदान प्रक्रिया समाप्त नहुँदा सम्म जिल्ला सदरमुकाम खलगास्थित दार्चुला-धारचूला जोड्ने झोलुङ्गे पुल बन्द रहेको दार्चुलाकी सहायक प्रमुख जिल्ला अधिकारी हेमन्ती साउँदले जानकारी दिइन् ।

# डडेल्धुरा अस्पतालले हेमोडायलासिस सेवा नियमित गर्ने

डडेल्धुरा । सुदूरपश्चिम प्रदेशकै एक मात्र सङ्घीय अस्पताल डडेल्धुरा अस्पतालले हेमोडायलासिस सेवा नियमित गर्ने जनाएको छ । अस्पताल विकास समितिका अध्यक्ष करुणाकर ओझाले एक महिना पहिले परिक्षण गरिएकोमा अबदेखि नियमित हुने बताए । उनले विशेषज्ञ सेवाका रुपमा हेमोडायलासिस सेवा सुचारु गरिएको जानकारी दिए ।

विपन्न नागरिक औषधी उपचार कार्यक्रम सञ्चालन निर्देशिका २०८० बमोजिम मृगौला रोगका बिरामीहरूको लागि हेमोडायलासिस सेवा नियमित सञ्चालन हुने अस्पतालले जनाएको छ । डडेल्धुरा अस्पतालका निमित्त मेसु डा.नरेन्द्र कुमार खनालले जिल्ला भित्रका र सुदूरपश्चिमका पहाडी जिल्ला गरी हालसम्म ४२ जना बिरामी सम्पर्कमा रहेको बताए । डडेल्धुरा अस्पतालमा हेमोडायलासिस सेवा नहुँदा बिरामीहरूले कैलालीको सेती प्रादेशिक अस्पताल लगायत अन्य ठाउँमा गएर सेवा लिनुपरेको थियो ।

# मोटरसाइकलको ठक्करबाट महिला घाइते

धनगढी । कैलालीमा मोटरसाइको ठक्करबाट एक महिला घाइते भएकी छन् । जिल्लाको गौरीगंगा नगरपालिका वडा नम्बर ८ भित्रि सडकमा युवराज चौधरीले चलाएको से छ प ६१७६ नम्बरको मोटरसाइकलले मंगलबार ठक्कर दिंदा ३४ वर्षीय लक्ष्मी चौधरी घाइते भएकी हुन् । घाइते लक्ष्मीको स्थानीय मेडिकलमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

ए-वन ड्राईक्लीनर
विद्या होटल अगाडी,
चौलानी पुस्तक भण्डार अगाडी


हाम्रो यहाँ सबै किसिमका कपडा आइरन तथा धुलाई गरिनुका साथै ब्ल्यांकेट वासिङ्ग र साडी ड्राई क्लिन सुपथ मूल्यमा गरिन्छ।
सेवा गर्ने मौका अवश्य दिनुहोला।
सम्पर्क नं. : ९८०४६०९३२२

# वन, बाघ संख्या र वसुधैव कुटुम्बकम्

कमलजङ्ग कुँवर

रूख, वन-जंगलले मानिसका लागि पिउनका लागि जल, खानका लागि फल, बाँच्नका लागि स्वच्छ सास, शरीर ढाक्न कपास, बास बस्ने घरका लागि काठ दिन्छ। अन्न, तरकारी, फलफूल उत्पादन गर्नका लागि सिंचाइ गर्ने जलको स्रोत पनि जंगल नै हो।

मलिलो जैविक मलको स्रोत पनि वन वा रूख नै हो। विद्युत् उत्पादन गर्ने जलको स्रोत पनि वन, जंगल नै हो। खाना पकाउनका लागि दाउरा, औषधिका लागि जडीबुटी, पर्या-पर्यटनका लागि मनोरम हरियाली दृश्य तथा वन्यजन्तु र सम्पूर्ण खनिज पदार्थको स्रोत पनि वन, जंगल वा प्रकृति नै हो।

पृथ्वीको वायुमण्डलमा रहेको प्रदूषित ग्यास (कार्वनडाइअक्साइड) ग्रहण गरेर स्वच्छ वातावरण कायम राख्न र अक्सिजन निष्कासनबाट श्वास-प्रश्वास तथा वातावरणलाई प्रदूषण मुक्त गरी मानव स्वास्थ्यको हित गर्ने पनि वन-जंगल नै हो।

भूक्षय, पहिरो नियन्त्रण गरेर जलाधार क्षेत्र र तल्लोतटीय क्षेत्रलाई बाढी, डुबान, कटान तथा कृषिभूमि मरुभूमिकरण हुनबाट जोगाउने पनि वन-जंगल नै हो। वर्षामा पानीको सञ्चिति गरेर हिउँदमा जल आपूर्ति गर्ने हिमाल, पहाड र चुरेका वन-जंगल जलभण्डार (वाटर टावर) हुन्।

अन्न, फलफूल, तरकारी उत्पादनका लागि बीउ वितरण र परागसेचन गरिदिने पनि स्वच्छ हावा, पानी, मौरी, कीरा, जनावर नै हुन्। यदि हावा, पानी शुद्ध भएनन् भने मौरी, कीरा जनावर मासिए भने परागसेचन हुँदैन र अन्न, फलफूल, तरकारी उत्पादन नहुँदा मानिस र पशुको आहार उत्पादन नभएर हाहाकार मच्चिनेछ।

रूख, वन, जंगलले हामीलाई दिन्छ मात्रै उसले हामीबाट केवल माया मात्रै खोज्छ। घरपालुवा पशुपक्षी, बालीनाली, तरकारी र फलफूल सम्पूर्णको जैविक स्रोत पनि वन-जंगल नै हो। गैरकाष्ठ वन पैदावारहरू, घाँसपात, स्याउला-सोत्तर, जंगली तरकारी, कन्दमूलको स्रोत पनि वन-जंगल नै हो। अझै कति अथाह जैविक स्रोत हाम्रा भावी पुस्ताका लागि उपयोगी हुन सक्छन्।

नेपालको उत्पादनमूलक विशाल चारकोसे झाडी फाँडिएर पहाडका थुम्काथुम्कीमा बाँकी रहेको झाडी बुट्यान सहितको खण्डीकृत वन-जंगलको क्षेत्रफल ४५.३१ प्रतिशत हो। चीनमा सन् १९५० को दशकमा १० प्रतिशत भन्दा पनि कम वन क्षेत्र रहेकोमा सन् १९९० को दशकमा त्यो बढेर १६.७४ प्रतिशत पुग्यो। २५ वर्षभित्रमा अर्थात् सन् २०१५ मा वन-जंगल क्षेत्र ५.५ प्रतिशतले वृद्धि गरेर २२.२ प्रतिशत पुऱ्याउन सफल भयो।

सन् २०१८ मा चीनले सन् २०५० सम्ममा देशको कुल क्षेत्रफलको ३० प्रतिशत वन क्षेत्र पुऱ्याउने लक्ष्य निर्धारण गरेको छ। उसको सन् २०२१–२०२५ को पञ्चवर्षीय योजनामा सन् २०२५ सम्ममा २४.१ प्रतिशत वन-जंगल क्षेत्र पुऱ्याउने लक्ष्य लिएको थियो। अमेरिकामा ३३.८७ प्रतिशत र रूसमा ४९.४ प्रतिशत वन क्षेत्र रहेको छ। जापानमा ६८.४१ प्रतिशत वन क्षेत्र रहेको छ।

विकसित देशको वन-जंगलको क्षेत्रफल हेर्दा लाग्छ, वन-जंगल वृद्धि देशको समृद्धिको सूचक हो। उता वन-जंगलको क्षेत्रफल वृद्धि सहित आर्थिक उन्नति गरेर चीन विश्व महाशक्ति राष्ट्र बन्दैछ। यता चीन भ्रमणबाट फर्केपछि नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले भने नेपालमा वन-जंगल ३० प्रतिशतमा घटाउनुपर्ने र बाघको संख्या १५० कायम गर्नुपर्ने अवैज्ञानिक, अव्यावहारिक, असान्दर्भिक, असामान्य, तथ्यहीन, हास्यास्पद र उट्पट्याङ अभिव्यक्ति दिए।

वन-जंगलले हामीलाई बाँच्ने आधार दिएको छ तर हामी वन-जंगलप्रति किन यति निर्मम भयौं, हामीले त्यसलाई नै किन आफ्नो दुश्मन ठान्यौं? हामीलाई बाँच्नका लागि आवश्यक सम्पूर्ण भौतिक पदार्थहरूको उद्गम वन, जंगल, वन्यजन्तुप्रति यस्तो घृणा, द्वेष, दुश्मनी र निर्ममताको अर्थ केवल अज्ञानता वा अल्पज्ञानता हो।

वन विनाश गरेर विकास हुने भए नेपालको तराईमा सबैभन्दा कम वन भएको सप्तरी जिल्लाको नै किन तराईका जिल्लाहरूमध्ये सबैभन्दा कम मानव विकास सूचकाङ्क रहेको छ? यो देशको विशिष्ट भू-बनोट १५ प्रतिशत हिमाल, ६८ प्रतिशत उच्च पहाड र पहाड, १७ प्रतिशत भित्री मधेश, चुरे र तराई भएको देशमा भौतिक पूर्वाधारहरूको सुरक्षाका लागि पनि प्राकृतिक वातावरण सन्तुलन हुनु जरूरी छ।

नत्र हामीले निर्माण गरेका भौतिक पूर्वाधारहरू सडक, विद्युत् बाँध तथा गृह, सञ्चार टावर, सिंचाइ बाँध, नहर, गाउँशहर बस्ती सबै एकै निमेषमा स्वाहा हुन्छन्, भएका छन्। यसको ज्वलन्त उदाहरण यसै वर्षको बाढीले काठमाडौं उपत्यका र आसपासका क्षेत्रमा निम्तिएको कहरबाट प्रष्ट हुन्छ। बागमती र रोशी खोलाको जलाधार क्षेत्रको विनाशबाट गत असोजमा निम्तिएको काठमाडौं उपत्यका र वरपर उत्पन्न भयावह स्थितिबाट तङ्ग्न सकेको अवस्था छैन, यस्तो जान्दाजान्दै पनि हाम्रो बुद्धि आउँदैन भने मूर्खको कुनै ओखती हुँदैन भन्ने उक्ति चरितार्थ हुन्छ।

समुद्रमा जहाजको झण्डा देखिन छोड्यो भने त्यो जहाज डुब्यो भन्ने बुझिन्छ। प्राकृतिक सन्तुलनको सूचक वा झण्डा प्रजाति तराई तथा चुरेमा बाघ, पहाडमा चितुवा र हिमाली क्षेत्रमा हिउँचितुवा हराउनु भनेको त्यहाँको वातावरण असन्तुलनको संकेत र सन्देश हो।

प्राकृतिक वातावरणमा बाघको संरक्षण र व्यवस्थापन भएन भने प्राकृतिक सन्तुलन कायम हुँदैन। जसको परिणामस्वरूप देशमा महाभारत युद्ध जस्तै बाढी, पहिरो, डुबान, कटानरूपी भीषण संकट निम्तिन्छ। सानो चित्त भएको व्यक्तिले आफू, आफ्नो परिवार, आफ्नो गुट, आफ्ना इष्टमित्रलाई मात्रै आफ्नो ठान्छ तर जो उदार मन वा ठूलो दिलको हुन्छ उसले सारा संसारका चराचर जगतलाई आफ्नो ठान्दछ।

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र बग्दा विष्णुमती, बागमती, रुद्रमती नदीमा जल खञ्जरी चराले पुच्छर हल्लाउँदै आहार खोजेको देखिन्छ। त्यसैले त्यहाँबाट संकलित जल काठमाडौं उपत्यकाका जनताका लागि पिउनयोग्य ठहरियो। त्यसरी नै स्थल क्षेत्र हिमालमा हिउँ चितुवाको उपस्थितिले हिमाली क्षेत्रको, चितुवाले पहाडी क्षेत्रको र बाघले चुरे तथा तराईको प्राकृतिक वातावरण सन्तुलन भएको संकेत गरेको हुन्छ।

मानव-बाघ द्वन्द्वको मूल कारण गरिबी हो। गरिबीको कारण बाघ होइन यो देशको राजनीति र राजनीतिज्ञ हुन्। नागरिकको यो विवशता हो, देशको लागि विडम्बना हो। नागरिकको मुक्तिका लागि राजनीति गर्नेले आफ्ना श्रीमती, छोरी, बुहारीलाई महारानी बनाएर राखेका छन् तर जसका लागि मुक्तिको कुरा गरेका थियौं ती नारीहरू एक्लै झिसमिसे उज्यालोमा बाघको मुखमा घाँस, दाउरा, निगुरो खोज्न जानुपर्ने बाध्यताको सृजना गरेका कारण द्वन्द्व बढेको हो। जहाँ अभाव र असमानता हुन्छ त्यहाँ द्वन्द्व हुन्छ यो नै समाजको सर्वमान्य सिद्धान्त हो।

गरिब, निमुखा, विपन्न, दलित, आदिवासी, जनजाति, मधेशी समुदायका नागरिकले के सधैं पहाडका कुनाकन्दरा, भीरपहरामा बस्नुपर्ने? बाघ, गैंडा, हात्ती, बाँदर, बँदेल, भालु, चितुवा, रतुवा लाग्ने, बाढीपहिरो आउने, नदीको कटानमा पर्ने, भौतिक पूर्वाधार तथा सुविधाको अभाव भएका र सधैं असुरक्षित तथा जोखिमयुक्त स्थानमा बस्न प्रेरित गर्ने नालायक नेता र अभियन्ताका कारण जनता, जल, जलाधार, जंगल, जनावरले दुःख पाएका छन्।

उनीहरूलाई त्यस्ता जोखिमयुक्त स्थानबाट सुरक्षित र सुविधासम्पन्न स्थलमा स्थानान्तरण गर्ने व्यवस्था हुन सक्यो भने मात्रै वर्षौंदेखि नेपालमा रहेको सुकुम्बासी समस्या, हात्ती, बाघ, गैंडा लगायत वन्यजन्तुले पुऱ्याउने क्षति र नदी कटान, डुबान, बाढी-पहिरोको समस्या सदाका लागि समाधान हुनेछन्।

तराई र त्यहाँ बस्ने आधा जनसंख्याको भविष्य जोगाउने हो भने चुरेको वन विनाश र अतिक्रमण रोक्ने हिम्मत गर्नुपर्दछ। हामीले अरूलाई स्वतन्त्रताको पाठ पढाउँछौं तर हामी अरूलाई स्वतन्त्र हुन दिँदैनौं। न आफू पराश्रित हुन छोड्छौं न अरूलाई स्वतन्त्र हुन दिन्छौं। आर्थिक, कूटनीतिक, राजनीतिमा अत्यधिक परनिर्भरता भएको देशमा स्वतन्त्रताको कुरा गर्नु हास्यास्पद मात्रै होइन यो अभिशाप नै हो।

विज्ञानमा विश्वास गर्नेहरूले बुझ्नुपर्दछ चार्ल्स डार्विनको 'बाँच्नका लागि संघर्ष', 'योग्य मात्रै अस्तित्वमा रहन्छन्' भन्ने सिद्धान्त अनुसार प्राकृतिक वातावरणमा बाघको संख्या प्रकृतिले छनोट तथा निर्धारण गर्ने विषय हो।

नत्र भने नेपालमा अहिले कायम रहेका ३१६–३५५ पाटे बाघको संख्याबाट २५ प्रतिशत मात्रै बघिनी प्रजननका लागि योग्य भएको हिसाब गर्दा पनि ८८ बघिनीले ९५–१०९ दिनको गर्भाधारणको अवधि, एक पटकमा जन्माउने २–३ वटा डमरू र हुर्काउने अवधि ३ वर्षको आधारमा पनि हरेक ४ वर्षभित्र नेपालमा १५० वटाभन्दा बढी बाघको संख्या बढ्ने थियो।

प्राकृतिक वातावरणमा बाघको संख्या निर्धारण चिडियाखानामा रहेका खोरको संख्याका आधारमा गर्ने जस्तो विषय होइन्। नेपालमा कति बाघ राख्ने विषय कुनै मुखियाले मुखले बोलेको आधारमा निर्धारण हुने होइन। वैज्ञानिक सिद्धान्तका आधारमा प्राकृतिक खाद्य प्रणालीमा प्राकृतिक वातावरणमा बाघ सबैभन्दा माथि रहने प्राणी भएको हुँदा तल्ला दुई तहभन्दा उसको संख्या पिरामिड जस्तै क्रमशः कम हुन्छ।

विश्वमा सबैभन्दा बढी बाघ भएको देश भारत (३१६७–३६८२) र रसियामा ७५० छन्। नेपालमा भन्दा त्यहाँ प्राकृतिक वातारणमा धेरै बाघ पाइन्छन् तर ती देशका प्रधानमन्त्रीले बाघ धेरै भए, वन मन्त्रीले बाघ शिकार गराएर पैसा कमाउनुपऱ्यो भनेका छैनन्। उनीहरू भने बाघको संख्या बढाउन चाहन्छन्।

चीन पनि बाघ पाइने १३ देशमध्ये एक त हो तर उनीहरूले हाम्रो जस्तो बाघ बढाउन नसकेकोमा चिन्तित छन्। हाम्रो जस्तो भू-बनोट (हिमाल, पहाड र तराई) भएको देशमा भारत र रूसभन्दा धेरै गुणा बाघको संख्या बढाउन सक्यो भने मात्रै हामी सुरक्षित हुन्छौं। बाघ, चितुवा र हिउँचितुवाको संख्या नै हाम्रो देश विकासको मुख्य सूचक हो। भारत विकासशील र रूस विकसित देश हुनुमा बाघले केही असर गरेको छैन बरू सघाएको छ।

बाघ र मानिसको सह-अस्तित्वको खोजी गर्नु नितान्त जरूरी छ। नेपालमा बाघको संख्या बढी होइन यो जम्मा ६ प्रतिशत मात्रै र अत्यन्तै न्यून छ। यसको संख्यामा कम्तीमा पनि १६ गुणाले वृद्धि गर्नुपर्दछ।

चुरे क्षेत्रको वातावरण सन्तुलनको सूचक प्रजाति बाघ हो। विश्व खाद्य संगठनले आजभन्दा १५ वर्ष पहिले तयार पारेको प्रतिवेदन अनुसार सबैभन्दा धेरै चुरे विनाश भएका जिल्लाहरू रौतहटदेखि सप्तरीसम्म हुन् भने चितवन, पर्सा र बर्दिया राष्ट्रिय निकुञ्ज फैलिएको क्षेत्र जहाँ-जहाँ बाघ पाइन्छ त्यो क्षेत्रको चुरे अन्य जिल्लाको तुलनामा कम क्षति भएको छ। जसको परिणाम यो क्षेत्रमा पानीको सञ्चिति बढेको छ भने भू-क्षय तथा भू-स्खलनमा न्यूनीकरण भएर तल्लोतटीय क्षेत्रमा कृषिभूमि मरुभूमिकरण र बाढीबाट जीउधनको क्षतिमा न्यूनीकरण आएको छ।

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका ३६ वटा जिल्लामा फैलिएको चुरे क्षेत्रलाई निकुञ्ज आरक्ष घोषणा नगरे पनि संवदेनशील चुरे संरक्षण क्षेत्रको विकास गरेर पर्साबाट धनुषाहुँदै झापा र चितवनबाट रूपन्देहीहुँदै दाङसम्म र बाँके-बर्दियाबाट डडेलधुरासम्मका प्रत्येक चुरे क्षेत्रका जिल्लामा कम्तीमा १५५ को संख्यामा प्राकृतिक वातावरणमा बाघको संख्या कायम गर्ने लक्ष्य लिने हो भने माइतीघरमा चुरे संरक्षणका लागि मधेशदेखि राजधानीसम्म पैदल यात्रा गरेर धर्नामा बसेका मधेश प्रदेशका नागरिकको समस्याको समाधान हुनेछ। यो तथ्याङ्कका आधारमा प्राकृतिक वातावरणमा नेपालमा कम्तीमा पनि ५ हजार ५८५ बाघ हुनुपर्दछ।

> *नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका ३६ वटा जिल्लामा फैलिएको चुरे क्षेत्रलाई निकुञ्ज आरक्ष घोषणा नगरे पनि संवदेनशील चुरे संरक्षण क्षेत्रको विकास गरेर पर्साबाट धनुषाहुँदै झापा र चितवनबाट रूपन्देहीहुँदै दाङसम्म र बाँके-बर्दियाबाट डडेलधुरासम्मका प्रत्येक चुरे क्षेत्रका जिल्लामा कम्तीमा १५५ को संख्यामा प्राकृतिक वातावरणमा बाघको संख्या कायम गर्ने लक्ष्य लिने हो भने माइतीघरमा चुरे संरक्षणका लागि मधेशदेखि राजधानीसम्म पैदल यात्रा गरेर धर्नामा बसेका मधेश प्रदेशका नागरिकको समस्याको समाधान हुनेछ। यो तथ्याङ्कका आधारमा प्राकृतिक वातावरणमा नेपालमा कम्तीमा पनि ५ हजार ५८५ बाघ हुनुपर्दछ।*

चुरे क्षेत्रको वातावरण सन्तुलनको सूचक प्रजाति बाघ हो। विश्व खाद्य संगठनले आजभन्दा १५ वर्ष पहिले तयार पारेको प्रतिवेदन अनुसार सबैभन्दा धेरै चुरे विनाश भएका जिल्लाहरू रौतहटदेखि सप्तरीसम्म हुन् भने चितवन, पर्सा र बर्दिया राष्ट्रिय निकुञ्ज फैलिएको क्षेत्र जहाँ-जहाँ बाघ पाइन्छ त्यो क्षेत्रको चुरे अन्य जिल्लाको तुलनामा कम क्षति भएको छ।

बाघ संरक्षण गरेर चुरेको वातावरण सन्तुलन गर्नु मेचीदेखि महाकालीसम्मको तराई, भित्री मधेश क्षेत्रमा आधा जनसंख्या बसोबास गर्ने नागरिक, खानेपानी तथा सिंचाइको लागि जलभण्डार, उर्वर कृषिभूमि एवं नेपालको अन्नको भण्डार सुरक्षित हुने एउटै मात्र विकल्प हो। तर चिडियाखानाको मुखियाले जस्तै प्रधानमन्त्री ओलीलाई बाघको संख्या ११० तोक्न सल्लाह दिने जो नेपालमा आफूलाई संरक्षणविद् ठान्दछन् त्यो भजनमण्डली र ओलीको बचकनापन मात्रै हो।

नेपालमा हिमाल र चुरे क्षेत्रलाई अति संवेदनशील क्षेत्र, पहाडमा सामुदायिक वन र तराईमा वैज्ञानिक वन व्यवस्थापनको प्रणाली लागू गर्नु जरूरी छ। बाघ, चितुवा, हिउँचितुवाका वासस्थान निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्र भनेका हिमाल, उच्च पहाड, संवेदनशील चुरे तथा भावर क्षेत्रमा फैलिएका अति संवेदनशील क्षेत्र हुन्। कोशी, नारायणी, राप्ती, कर्णाली, महाकाली नदीका डुबान क्षेत्र पनि हुन्; जुन क्षेत्र शहर, बस्ती, खेतीपातीका लागि अयोग्य क्षेत्र नै छन्।

आजभन्दा १०० वर्ष अगाडि योभन्दा बढी बाघ नेपालमा पाइन्थे। १९६७ (सन् १९११) अर्थात् आजभन्दा ठीक ११४ वर्ष अगाडि चितवन उपत्यकामा तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरको निमन्त्रणामा शिकार खेल्न आएका ब्रिटिश राजा जर्ज पाँचौंले एउटै शिकार क्याम्पमा ३७ वटा बाघ शिकार गरेका थिए। यस बारेमा सन् १९१२ मा द न्यूयोर्क टाइम्समा लेख प्रकाशित भएको थियो। यसै संख्याबाट प्रष्ट हुन्छ कि चितवन उपत्यका लगायत नेपालको तराई तथा भित्री मधेश क्षेत्रमा बाघको संख्या कति थियो भनेर।

वन क्षेत्र अतिक्रमण तथा अत्यधिक वन विनाश र चोरी शिकारका कारण हाल केही सयको संख्यामा रहेको बाघको संख्या पुनः सय वर्ष अगाडिकै संख्यामा १९ वर्षभित्र पुऱ्याउने गरी लक्ष्य निर्धारण गर्नुपर्दछ। यो लक्ष्य हासिल गर्न सफल भएमा बल्ल नेपाल साँच्चै विश्वको समुन्नत र सुखी देश बन्नेछ।

नेपालमा अबको १०–२० वर्षभित्र विश्वकै सबैभन्दा धेरै पाटे बाघ पाइने देशको रूपमा लक्ष्य तोकेर संरक्षण गर्नुपर्दछ। राजनीतिक प्रतिबद्धता हुन सक्यो भने नेपालका सन्दर्भमा यो लक्ष्य हासिल गर्न सम्भव पनि छ। यसो हुन सक्यो भने साँच्चै चुरे र तराईको मुहार बदलिन्छ। जनतामा खुशी छाउनेछ। तराई हराभरा हुनेछ। बाढीले बस्ती, खेती डुबान गर्ने, कृषिभूमि मरुभूमिकरण हुने छैन, खेत सिञ्चित भएर धानका बाला लहलह छुलेको सुनौलो फाँट देखिनेछन्।

नेता, अभियन्ता र न्यायाधीशको भाषा एउटै भयो भने त्यो देशमा प्रकृति र प्राकृतिक न्यायको सिद्धान्त मर्छ। प्रकृतिको वेदनाको सुनुवाइ नगरी बेञ्चमा बसेर गरिने निर्णय प्राकृतिक न्यायको सिद्धान्त विपरीत हो भन्ने कुरा आफूलाई कानूनको ज्ञाता हुँ भन्नेहरूले हेक्का राख्नुपर्ने विषय हो।

यो देशको राजनीतिक समस्या भ्रष्टाचार र प्राकृतिक समस्या जलाधार क्षेत्रको अवैज्ञानिक तथा अव्यावहारिक व्यवस्थापन हो। नेपालको दिगो विकास हासिल गर्ने रणनीतिक लक्ष्य भनेकै भ्रष्टाचार नियन्त्रण र जलाधार क्षेत्र संरक्षण हुनुपर्दछ। यो हुन सक्यो भने मात्रै यो देश समुन्नत तथा सुन्दर बन्नेछ भने नेपाली नागरिक विश्वकै सुखी र खुशी हुनेछन्।

प्रकृतिमा असन्तुलन निम्त्यो भने मानव अस्तित्व संकटमा आउँछ। हाम्रो बाँच्ने आधार प्रकृति समाप्त भयो भने मानव अस्तित्व कहाँ रहला? वातावरणीय सन्तुलनको विषय मानवको अस्तित्व रक्षाको सर्वोच्च अधिकारको वकालत हो। भ्रष्टाचार नियन्त्रण र जलाधार क्षेत्र संरक्षण नै यो देशको समुन्नति र सुखको आधार हो।

हाम्रो देशको आर्थिक समुन्नति र नागरिकको जीउधनको सुरक्षा प्रकृति संरक्षणमा निर्भर छ। आर्थिक विकाससँगै प्राकृतिक सन्तुलन कायम गर्नका लागि उदार चरित्र (वसुधैव कुटुम्बकम्) देखाउनु जरूरी छ। तर यो देशको राजनीतिक नेतृत्व भ्रष्टाचार नियन्त्रण र जलाधार क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्न उदासीन/अन्यमनस्क देखिएको छ। भ्रष्टाचार र जलाधारलाई नजरअन्दाज गरियो भने यो देश डुब्ने कुरा निश्चित छ, बेलैमा सोचौं।

# सुशासन र संरचनागत सुधारको बाटो

विष्णु रिजाल

सुशासनको प्रत्याभूति र आवश्यक मात्रामा सहजीकरण गर्न सक्दा मात्रै आर्थिक अवस्थामा बढोत्तरी हुन्छ। त्यसका लागि गर्नैपर्ने केही कामको अपेक्षा भइरहेका बेला अध्यादेशबाट भए पनि उक्त अपेक्षालाई सम्बोधन गर्न खोजिएको छ।

सरकारले हालै सार्वजनिक गरेका पाँचवटा अध्यादेशका बारेमा चर्चा चलिरहँदा त्यसको मुख्य उद्देश्य नागरिकलाई सुशासनको अनुभूति दिलाउनु रहेको प्रधानमन्त्री केपी शर्मा ओलीले पत्रकार सम्मेलन गरेरै सार्वजनिक गर्नुभएको छ।

विगतमा अध्यादेशहरू नागरिकलाई तत्कालै राहत उपलब्ध गराउनेभन्दा राजनीतिक जोड-घटाउमा आधारित भएर सार्वजनिक हुने गरेको पृष्ठभूमिमा सरकारको आलोचना भए पनि पाँचै अध्यादेशका अन्तरवस्तु कसैलाई नकारात्मक असर पर्ने खालका छैनन्। नागरिकलाई छिटो-छरितो सरकारी सेवा उपलब्ध गराउने, विदेशी पुँजी र प्रविधिलाई सहजीकरण गर्ने, आर्थिक क्रियाकलापलाई बढावा दिने र भूमिहीन नागरिकका समस्या समाधान गर्ने अध्यादेशका मुख्य उद्देश्यको विरोध गर्नुपर्ने कारण छैन। संसद् नबसेका बेला सरकारलाई अत्यावश्यक लागेका विषयमा अध्यादेश ल्याउन पाइने संवैधानिक प्रावधानअनुसार सरकार अघि बढ्दा त्यसलाई असंवैधानिक र गैरसंसदीय करार गर्नुभन्दा पहिले अध्यादेशका अन्तरवस्तु हेर्नु उपयुक्त हुन्छ। राजनीतिक विषयवस्तु (जस्तोः २०७८ मा एमालेलाई विभाजन गर्न ल्याइएको दल विभाजनसम्बन्धी अध्यादेश) भएमा त्यसका पक्ष वा विपक्षमा जनमत विभाजित हुनु र तीव्र प्रतिक्रिया उत्पन्न हुनुलाई अन्यथा मान्न सकिन्न। तर, हाल जारी अध्यादेशका लागि त सरकारलाई धन्यवाद दिँदै कार्यान्वयनका लागि निगरानी गर्नुपर्ने जनसरोकारका विषयवस्तुहरू छन्।

हाम्रो कानुन निर्माण प्रक्रिया सुस्त, गतिहीन र दिक्कलाग्दो छ। जनताबाट निर्वाचित भएर वा नेतृत्वबाट मन पराएर संसद्मा पुग्नेहरूको ध्यान कानुन निर्माणमा देखिँदैन। वास्तवमा उनीहरूको मुख्य काम नै कानुन निर्माण गर्नु हो, विधायनसम्बन्धी काममा केन्द्रित हुने भएकाले उनीहरूलाई विधायक (ल मेकर) भनिन्छ। विडम्बना, नेपालमा जसरी पनि संसद्मा पुगेपछिको एक मात्र उद्देश्य कसरी मन्त्री बन्न सकिन्छ भन्नेमा छ। अनि जो-जो मन्त्री बन्न सक्दैनन्, उनीहरूको ध्यान आफ्नो निर्वाचन क्षेत्रमा कुलो, बाटो, विद्यालय, स्वास्थ्य चौकी आदिमा दुई-चार पैसा लैजानमै केन्द्रित हुन्छ। यस तरिकाले संसद् कानुन निर्माणमा पूर्णतः उदासीन र झारा टार्ने हैसियतभन्दा माथि उठेको छैन। यसो भन्दैमा अध्यादेशबाट देश चलाउनुपर्छ र अहिले त्यसकारण अध्यादेश ल्याइएको हो भन्न खोजिएको होइन। आदर्शतः संसदीय लोकतन्त्रमा एउटा पनि अध्यादेश ल्याउनु हुन्न, सबै कानुन संसद्ले नै बनाउनुपर्छ। तर, व्यावहारिक कुरा गर्दा तत्कालै आवश्यक विषयमा अध्यादेश ल्याएर सम्बोधन गरिहाल्दा जनतालाई राहत हुन्छ भने दुई महिनाभित्र प्रतिस्थापन विधेयकमार्फत कानुन बनाउन सरकार र संसद् दुवैलाई दबाब पर्ने भएकाले यो पनि एउटा तरिका हुन सक्छ भनेरै संविधानमा त्यो प्रावधान राखिएको छ।

हाम्रो संसद् असाध्यै अप्रभावकारी छ। संसद् चल्दा त्यहाँ भएका बहस म सकभर नछुटाई सुन्छु। हाम्रा कानुन निर्माताको अध्ययनको स्तर, ज्ञानको स्रोत, प्रस्तुतिको तरिका र विषयवस्तुको छनोट हेर्दा अधिकांशतः वडा, पालिका र जिल्ला समन्वय समितिभन्दा माथि उठ्न सकेको देखिँदैन। केहीले सार्वजनिक खपतका लागि सञ्चारमाध्यमा आएका विषयलाई उठाउँछन्। त्यसबाहेक विषयवस्तुमा केन्द्रित रहेर छलफल भएको र त्यसले कुनै महत्त्व स्थापित गरेको नजिर नै छैन। पालिका र प्रदेशहरूको संरचना बनेपछि विकास निर्माणलाई उनीहरूको जिम्मा छाडेर संघीय संसद्लाई सरकार र कानुन निर्माणमा मात्रै केन्द्रित नगर्दासम्म यही चक्र दोहोरिरहन्छ।

संसद्मा कानुन निर्माणमा निर्णायक महत्त्व राख्ने निकाय संसदीय समितिहरू हुन्, जहाँ मसिनो गरी दफा-उपदफाबारे छलफल हुन्छ र कानुनको प्रारूप बन्छ। तर, यी महत्त्वपूर्ण समिति या अवसरको सन्तुलन मिलाउनका लागि अनुपयुक्त व्यक्तिको हातमा पुगेका छन्, **(बाँकी ३पेजमा)**

# लघु जलविद्युत परियोजना उपेक्षित किन ?

ढुनबहादुर बुढाथोकी

विश्वका हरेक मुलुकमा जलविद्युत उत्पादनको थालनी लघु जलविद्युत आयोजनाबाट भएको पाइन्छ। पहिलो पटक जलविद्युत उत्पादन थालनी भएको अमेरिका, हाल सर्वाधिक जलविद्युत उत्पादन गरिरहेको चीन, भारत, भुटान र नेपालमा जलविद्युत उत्पादन थालनीको प्रारम्भ लघु जलविद्युत आयोजनाबाट भएको हो।

सन् १८८२ मा अमेरिकाले १२ किलोवाट क्षमताको आयोजनाबाट, सन् १८९१ मा नर्वेले ८८ किलोवाट क्षमताको आयोजनाबाट, सन् १८९७ मा भारतले १ सय ३० किलोवाट क्षमताको आयोजनाबाट, १९१२ मा चीनले २ सय ४० क्षमताको आयोजनाबाट, सन् १९६७ मा भुटानले ३ सय ६० क्षमताको आयोजनाबाट जलविद्युत उत्पादनको थालनी गरेका हुन्।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका अनुसार, नेपालमा लघु जलविद्युत आयोजनाको इतिहास झन्डै ६२ वर्ष पुरानो छ। सन् १९६२ मा जापान सरकार (जाइका) को सहयोगमा ललितपुरस्थित गोदावरीमा जडान भएको ५ किलोवाटको आयोजनालाई नै मुलुकको पहिलो लघु जलविद्युत आयोजना मानिन्छ। तत्पश्चात् मुलुकका हिमाली र पहाडी क्षेत्रमा ३ हजार ५ सय लघु जलविद्युत आयोजना निर्माण भई सञ्चालनमा आएको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको तथ्यांकमा उल्लेख छ।

कृषि विकास बैंक र तत्कालीन बुटवल इन्जिनियरिङ कम्पनीद्वारा लघु जलविद्युत विकासमा योगदान रहँदै आएको छ। कृषि विकास बैंकले लघु जलविद्युत आयोजना निर्माणका लागि आवश्यक ऋण उपलब्ध गराई प्रोत्साहन गर्ने गरेको छ। त्यस्तै, प्राक्टिल एक्सन, स्वीस डेभलपमेन्ट बैंक (एडिसी), संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) लगायतका संस्थाहरूले लघु जलविद्युत आयोजना विकासमा योगदान पुऱ्याएका छन्।

के-कति क्षमताको आयोजनालाई लघु जलविद्युतको संज्ञा दिने भन्ने जहाँसम्म सवाल छ, सन् १९७५ मा गठित साना जलविद्युत विकास बोर्डले १ सय किलोवाट क्षमतासम्मको आयोजनालाई लघु जलविद्युत, १ सय किलोवाट देखि ५ मेगावाट क्षमतासम्मको आयोजनालाई साना, ५ देखि ५० मेगावाट क्षमतासम्मका आयोजनालाई मझौला र ५० मेगावाटभन्दा अधिक क्षमतालाई ठूला आयोजना उल्लेख गरको पाइन्छ। त्यस्तै, नवीकरणीय ऊर्जा अनुदान नीति, २०१२ (२०६९) ले १० किलोवाटसम्मको आयोजनालाई पिको हाइड्रो, १० देखि १ सय किलोवाटसम्मको आयोजनालाई माइक्रो हाइड्रो (लघु जलविद्युत), १ सयदेखि १ हजार किलोवाटसम्मको आयोजनालाई मिनी हाइड्रो (साना जलविद्युत) को संज्ञा दिएको छ। वस्तुतः १ किलोवाटसम्म क्षमता रहेका र राष्ट्रिय ग्रिडमा

# वडाध्यक्षको पहलमा कार्यालय परिसरमा फूलबारी



कञ्चनपुर। कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका वडा नम्बर १० वडा कार्यालयको चारैतिर सजाइएका गमलामा फूल फूलेका छन्। हेर्दै आकर्षक देखिने कार्यालय परिसरमा बिहानै फूलबारी गोडमेल गर्दै, गमलाका फूलमा पानी हाल्दै गरेको अवस्थामा वडाध्यक्ष लालबहादुर ऐर भेटिन्छन्।

कार्यालयबाहेकको समय वडाध्यक्ष ऐर फूलबारीको रेखदेखमा व्यस्त हुन्छन्। एक वर्षदेखि उनले फूल गोडमेल गर्ने, सिंचाइ गर्ने, बारी बनाउनेलगायत काम आफैंले गर्दै आएका छन्। उनले कार्यालयमा कर्मचारी आउनु पहिले नै फूलमा पानी हाल्ने, सडक क्षेत्र सरसफाइ गर्नेलगायत काम आफैंले गर्दै आएको जानकारी दिए।

आफूले पाउने केही पारिश्रमिक छुट्याएर कार्यालयलाई आकर्षक बनाउन लागेको वडाध्यक्ष ऐरको भनाइ छ। कार्यालयमा आउने सेवाग्राहीले पालो पर्खँदा फूलसँग रमाउने बताउँदै यसले सेवाग्राहीलाई आनन्दित बनाएको उनले सुनाए।

"फूलबारी निर्माणले कार्यालयको सौन्दर्यता बढाउनुका साथै सेवाग्राहीले पालो कुरिरहँदा पनि फोटो खिच्ने, टिकटिक बनाउनेलगायत गतिविधिमा संलग्न भएर आनन्द अनुभूति गरिरहनुभएका पाएका छौं", वडाध्यक्ष ऐरले भने, "यसले वातावरण स्वच्छ राख्न मद्दत पनि गरिरहेको छ।" फूलबारी बनाउने कामले समाजमा सकारात्मक सन्देश जानुका साथै अरुले पनि यसको अनुसरण गरेर घरघर सजावट गर्न प्रेरणा मिल्ने उनले विश्वास व्यक्त गरे।

कार्यालयको काम नहुँदा पसल, चोक, चौराहामा अनावश्यक गफमा भुलुनुभन्दा परिसरमा रहेको बाँझो जमिनको उपयोग गरी फूलका बिरुवा रोपेर हराभरा बनाउनेतर्फ जुटेको वडाध्यक्ष ऐरको सुझाव छ। बारीमा स्थानीय प्रजातिका साथै बाहिरबाट मगाएर एक सय बढी प्रजातिका बिरुवा रोपेको उनले जानकारी दिए।

गाउँमा अन्यत्र नपाइने प्रजातिका फूल वडा कार्यालयको बारीमा फूलेका स्थानीय सुरेश भट्टले जानकारी दिए। "कार्यालयको मुहार फूलबारीले सुन्दर र आकर्षित बनाएको छ", उनले भने, "पहिले कार्यालय परिसरमा आउँदा धुलो मात्रै देखिन्थ्यो, अहिले भुईंमा सिमेन्टका टायल बिछ्याएका छन्, वरिपरी पूरै फूलबारीले हराभरा देख्छ, तनाव लिएर कार्यालय जाँदा फूलबारीको सुन्दरताले आनन्दित बनाउँछ।"

वडामा रहेका बेला वडाध्यक्ष आफैंले फूलबारीमा बिरुवा रोप्ने, गोडमेल तथा झारपात उखेलर सफा गर्ने, सिंचाइ गर्नेलगायत काम गर्ने कर्मचारी केशवराज जोशीले जानकारी गराए। "वडाध्यक्ष जिल्ला बाहिर गएका बेला कर्मचारीले फूलबारीको रेखदेख र स्याहार गर्दै आएका छौं", उनले सुनाए। आगामी दिनमा कार्यालय परिसरमा बाँकी रहेको जमिनमा हरियालीका लागि चाइनिज दुबो रोप्ने र पोखरी बनाउने योजना रहेको ऐरेको योजना छ।

# नागरिक एपमा आयो राष्ट्रिय परिचयपत्र

काठमाडौं। नागरिक एपमा राष्ट्रिय परिचयपत्र 'लाइभ' गरिएको छ। मंगलबार दिउँसोबाट नागरिक एपभित्रै राष्ट्रिय परिचयपत्र देखिने भएको हो। नागरिक एप र राष्ट्रिय परिचयपत्रबीच अन्तरआबद्धता (इन्टिग्रेसन) को प्रक्रिया सकिएसँगै परिचयपत्र एपमा आएको हो।

एपभित्र 'नेसनल आईडी' विकल्प देख्न सकिन्छ। यसमा थिचेर आफ्नो परिचयपत्र नम्बर राखेपछि एप र परिचयपत्र 'सिंक्रोनाइज' भएर परिचयपत्र देखापर्छ।

गत कात्तिक २ को मन्त्रिपरिषद् बैठकले अन्तरआबद्धताका लागि स्वीकृति दिएको थियो। राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली र नागरिक एपबीच अन्तरआबद्धता कायम गर्न प्राविधिक परीक्षण गरिएको सूचना प्रविधि विभाग र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जानकारी दिएको छ। आवश्यक सबै परीक्षणपछि राष्ट्रिय परिचयपत्र र नागरिक एपबीच समझदारी पत्र (एमओयू) मा हस्ताक्षर गरिएको थियो।

सूचना प्रविधि विभागका अनुसार हाल करिब ५५ लाख प्रयोगकर्ताले नागरिक एप डाउनलोड गरेका छन्। एन्ड्रोइडमा ४९ लाख १० हजार पाँच सय ९६, आईओएसमा छ लाख १२ हजार एक सय १५ र वेबमा २३ सय २७ डाउनलोड भइसकेको छ। एपमा हाल ३२ वटा निकायका ६२ वटा सेवा तथा सूचना आबद्ध गरिएको छ।

राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमार्फत हालसम्म एक करोड ६५ लाखभन्दा बढी नागरिकको विवरण संकलन भइसकेको र हालसम्म ६० लाखभन्दा बढी परिचयपत्र छापिएको विभागले जानकारी दिएको छ। यसमध्ये ५५ लाख वटा कार्ड विभिन्न जिल्लामा पठाइएका छन् भने हालसम्म २० लाख कार्ड मात्रै वितरण भएको छ। मुगु, डोल्पा र हुम्लाबाहेक देशभरबाट परिचयपत्रका लागि नागरिकका विवरण संकलन भएका छन्।

परिचयपत्र वितरणमा ढिलाइ भएकोबारे गत साता संसदीय समितिमा सांसदहरूले प्रश्न उठाएका थिए। त्यसमा पञ्जिकरण विभागका महानिर्देशक युवराज कट्टेलले परिचयपत्रको नम्बर भए पुग्ने र डिजिटल प्रति नागरिक एपमा आउने बताएका थिए। उनले कार्ड छापेर फजुल खर्च गरिएछ कि भन्ने आशयसमेत प्रकट गरेका थिए।


HELVETAS NEPAL | swisscontact

## TRAINEESHIP OPPORTUINITY

The Swiss Agency for Development and Cooperation (SDC) is a leading Development partner in Nepal supporting the Government of Nepal to bring reform in the Technical and Vocational Education and Training (TVET) sector through its projects namely, Nepal Vocational Qualifications System (NVQS), Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE) and Quality Technical and Vocational Education and Training (TVET) for Youth Project (QualiTY). On behalf of the Swiss Agency for Development and Cooperation (SDC), Swisscontact Nepal through NVQS and QualiTY, and HELVETAS Nepal through ENSSURE project provide Technical Assistance to the Government of Nepal.

SDC offers traineeship opportunities for fresh graduates to support the Government of Nepal in developing the required capacities in the TVET sector in an inclusive way. Traineeship provides a platform where youths can develop abilities that are required to take up employment opportunities in the TVET sector, including at provincial and local governments. In this regard, on behalf of SDC, NVQS and QualiTY, projects Swisscontact Nepal and ENSSURE project, HELVETAS Nepal, invites applications from the recently graduated interested youth for the following traineeship positions:

**Position** : Trainee Technical and Vocational Education and Training (TVET) Officer **(23 numbers)**

**Location** : Project Support Unit (PSU), Bhaktapur – 2 and Provincial Project Support Unit at provinces – (21)

**Duration** : One year

**Required Education, Experience, and Skills:**

- **Bachelor's degree** in development studies, Rural Development, Economics, Engineering, Agriculture, Hospitality, Management or any discipline.
- Graduated in year 2023 or 2024 (between **21 and 28 years** of age) with no prior job experience.
- Basic skills in Microsoft Word, Excel, and PowerPoint.
- Individuals graduated from the Government schools/colleges will be given priority

**Application Procedures:**

Interested candidates who meet the above requirements should submit – (a) Current CV (b) a cover letter/motivation letter (c) certificates of academic degrees ( from SEE till highest degree and (d) a copy of citizenship through the link: www.kantipurjob.com latest by 6 February 2025.

Swisscontact Nepal and/or HELVETAS shall not entertain any phone inquiries or other such solicitations for this position. Only shortlisted candidates will be contacted for the selection process. Swisscontact Nepal and/or HELVETAS Nepal reserves the right to reject any or all applications.

**Note: This traineeship program is not a permanent employment opportunity with any project of HELVETAS and Swisscontact Nepal.**

**HELVETAS Nepal and Swisscontact Nepal promote workforce diversity and apply positive discrimination to candidates from disadvantaged groups (who include those disadvantaged due to gender, age, disability, social identity (caste/ethnicity/religion), diverse sexual orientation, gender identity and expressions and sex characteristics (SOGIESC), location and income status.**


# कर्मचारी एक, जिम्मेवारी तीन जिल्ला



बैतडी। बैतडी, बझाङ र दार्चुला जिल्लाका चार वटा सरकारी कार्यालय प्रमुखको जिम्मेवारी एउटै व्यक्तिको काँधमा आइपरेको छ। बैतडी र दार्चुला जिल्ला हेर्ने खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख गोविन्द देवकोटाको जिम्मामा बैतडी र बझाङको भवन डिभिजन कार्यालयको पनि जिम्मेवारी थपिएको हो।

दिनभरि एक जिल्लाको काम सकेर राति हिँडेर बिहान अर्को जिल्ला पुग्नुपर्ने बाध्यता देवकोटालाई आइलागेको छ। बैतडीबाट बझाङ पुग्न गाडीमा एक दिन लाग्छ। बझाङमा एक दिन बसेर उनी भोलिपल्ट दार्चुलाको मालिकार्जुनस्थित तीन करोड रुपैयाँको लिफ्ट खानेपानी योजनाको काम हेर्छन्। त्यहाँका योजना हेरेर खानेपानी र भवन डिभिजन कार्यालय बैतडी पुग्दा चार दिन बित्छ।

बैतडी र दार्चुलामा मात्रै खानेपानीका ३४९ वटा योजना छन्। खानेपानीका क्रमागत योजनासमेत जोड्ने हो भने बैतडीमा १२१ र दार्चुलामा ६० वटा पुराना योजना छन्। दुई जिल्लाका खानेपानी योजना हेर्ने उनी एक जना मात्रै इन्जिनियर हुन्।

गाउँबस्तीमा आधारभूत खानेपानी पुर्‍याउन सुदूरपश्चिम प्रदेश सरकारले यो वर्ष बैतडी र दार्चुलाका लागि ४७ करोड रुपैयाँ बजेट पठाएको देवकोटाले बताए। खानेपानी कार्यालयमा जनशक्ति नहुँदा करारका एक सब इन्जिनियर नियुक्त गरी काम गर्नु परेको उनले सुनाए।

उनका अनुसार दुई जिल्ला हेर्ने खानेपानी तथा सरसफाइ डिभिजनमा एक जना डिई, तीन जना इन्जिनियर, चार सब इन्जिनियर र चार खानेपानी प्राविधिकको दरबन्दी भए पनि दरबन्दी अनुसारको जनशक्ति छैनन्।

प्रदेश सरकारले देवकोटालाई शहरी विकास तथा भवन कार्यालय प्रमुखको जिम्मेवारी दिएपछि उनले बैतडी र बझाङ जिल्लाका ४८ वटा शहरी योजनाको समेत काम गर्दै आएका छन्। कार्यालयले सरकारी भवन, शहरी सडक, नाला निर्माण जस्ता योजनाको काम गर्दै आएको छ। बैतडी र बझाङ हेर्ने भवन कार्यालयमा पनि एक जना डिभिजनल इन्जिनियर, तीन जना इन्जिनियरको दरबन्दी भए पनि सबै रिक्त छन्। भवनमा तीन जना ओभरसियर भएकाले केही सहज भएको देवकोटाले बताए।

### कमलबजार विमानस्थल सञ्चालन गर्न माग

# यात्रु नपाए पालिकाले टिकटको पैसा बेहोर्ने

अछाम। अछामको कमलबजारको विमानस्थल सञ्चालनका लागि विभिन्न स्थानीय तहले माग गरेका छन्। सदरमुकाम मङ्गलसेनमा बसेको विभिन्न छ वटा स्थानीय तहका प्रमुखको बैठकले कमलबजारमा विमानस्थल सञ्चालन गरी हप्ताको एक दिन न्यूनतम तीन महिना विमान चलाउनका लागि आवश्यक सहयोग गर्न सहमति गरेका छन्।

कमलबजार नगरपालिका, पञ्चदेवल विनायक नगरपालिका, मङ्गलसेन नगरपालिका, ढकारी गाउँपालिका, तुर्माखाँद गाउँपालिका र रामारोशन गाउँपालिकाले नियमित विमान सञ्चालनमा सहयोगी हुने भएका हुन्।

विसं २०४९ मा कमलबजार विमानस्थलको निर्माण प्रारम्भ गरिएको थियो। निर्माण सम्पन्न भएर विमान उडानको पर्खाइमा रहेको कमलबजार विमानस्थलको रिपिटर टावरमा २०५८ सालमा तत्कालीन नेकपा माओवादीको आक्रमणले विमानस्थल बन्द थियो। ३२ वर्षपछि गत पुस १३ गते तारा एयरको विमानले कमलबजार विमानस्थलको परीक्षण उडान गरेको थियो।

कमलबजार विमानस्थल नियमित सञ्चालनका लागि स्थानीयस्तरमा दबाब हुँदै आएको छ। कमलबजारमा नियमित विमान चलेपछि यस क्षेत्रको यातायात, पर्यटन र आर्थिक विकासमा सहजता हुने अनुमान गरिएको छ।

निजी स्तरको विमानलाई हप्ताको एक दिन नियमित उडानमा यात्रु अभाव बापतको टिकट खर्च स्थानीय तहले बेहोर्ने सहमति गरेका हुन्। कमलबजार आउने र जाने प्रत्येक उडानका क्रममा कम यात्रु सिटको रकम स्थानीय तहले तिर्नुपर्ने छ। खाली भएको यात्रु सिटमध्येमा ५० प्रतिशत सिटको कमलबजार नगरपालिका र बाँकी रहेका अन्य सिटको पाँच स्थानीय तहले रकम बेहोर्ने भएका हुन्। विमान नियमित भएमा यात्रु अभाव नहुने र स्थानीय तहलाई टिकटको भार नपर्ने पञ्चदेवल विनायक नगरपालिकाका प्रमुख अम्बिका चलाउनेको भनाइ छ।

कमलबजारबाट नेपालगञ्ज उडानलाई अहिले प्राथमिकता दिइएको छ भने आवश्यकता अनुसार उडान गर्ने योजना रहेको बताइएको छ। नियमित उडानमा आशङ्का व्यक्त गरिएकोमा कमलबजार नगरप्रमुख ढकालले विमान कम्पनीसँगको सम्झौतामा कडाइका साथ कुरा राख्ने भनाइ छ।

# त्रिवेणी महोत्सव २०८१ को स्टल र टेन्ट बुकिङ सम्बन्धी सूचना


यस महोत्सवमा टेन्ट र स्टल बुकिङ कार्य यही मिति २०८१ माघ ५ गतेदेखि १० गतेसम्म स्टल बुकिङ तथा झुलाको टेन्डर आह्वान गरिएकोले आवश्यक कागजात सहित इच्छुक संघ संस्था र फर्मले यस संस्थाको कार्यालय वा निम्न सम्पर्कमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

**स्टल भाडादर**

- मझौला उद्योग प्रतिष्ठान रु.८,०००/
- व्यापारिक फर्म रु. १०,०००/
- रेष्टुरेन्ट रु.१५,०००/
- नर्सरी, मौरी तथा कृषिजन्य वस्तु रु. ५,०००/
- साना हस्तकला तथा महिला उद्यम रु. ३,०००/
- बैंक तथा बिमा कम्पनि रु. १०,०००/
- सरकारी कार्यालय तथा शैक्षिक संस्थान रु. ४,०००/
- प्राइभेट अस्पताल रु.१५,०००/
- गैरसरकारी संस्थाहरु रु.१०,०००/
- एकल महिला समूह (बढीमा २ वटा स्टलमात्र) रु.२,५००/
- अपाङ्ग अशक्त (बढीमा २ वटा स्टलमात्र) रु.२,०००/

**आयोजक:**

**चुरे वातावरण तथा जैविक विविधता संरक्षण मंच नेपाल, कैलाली**

सम्पर्क नं. : ९८५८४२०६४३,९८४८११८९६६


# चुनावसम्मै यो सरकार गइदिए हुन्थ्यो : प्रचण्ड

काठमाडौं। नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले अहिलेको सरकार २०८४ को आम निर्वाचनसम्मै गए हुने बताएका छन्। चितवनमा मंगलबार पत्रकारहरूसँग कुराकानी गर्दै अध्यक्ष दाहालले माओवादीको अहिलेको प्राथमिकता सरकार नभएको बताए।

'अहिले हाम्रो प्राथमिकता सरकार होइन, मैले धेरै चोटी भनेको छु, हाम्रो प्राथमिकता संगठन सुदृढीकरण र जनतासँगको सम्बन्ध विस्तार हो,' उनले भने।

वर्तमान सरकार २०८४ सालको आम निर्वाचनसम्म गइदिए हुन्थ्यो भन्नेमा माओवादी रहेको अध्यक्ष दाहालले बताए। 'यो सरकार २०८४ सम्मै गइदिए हुन्थ्यो, गएन भने कांग्रेस हाम्रो पार्टनर छँदैछ,' उनले भने।

भरतपुर विमानस्थलमा प्रचण्डले यसो भन्दा कांग्रेस पूर्वमहामन्त्री शशांक कोइराला र केन्द्रीय सदस्य चन्द्र भण्डारी पनि सँगै थिए।

# सन्दीप लामिछानेलाई क्यानको कारबाही

काठमाडौं। नेपाल क्रिकेट संघ (क्यान)ले पूर्व कप्तानसमेत रहेका क्रिकेटर सन्दीप लामिछानेलाई कारबाही गरेको छ। हालै सम्पन्न जय ट्रफिका दौरान अम्पायरसँग भएको विवाद सामाजिक सञ्जालमा लेखेको भन्दै क्यानले लामिछानेलाई अनुशासनको कारबाही गरेको हो।

क्यानका प्रवक्ता छुम्बी लामाका अनुसार सन्दीपलाई सम्झौताको ७ मा उल्लेख भएअनुसारको कारबाही गरिएको हो। उक्त कारवाहीअनुसार सन्दीपले कम्तिमा एक घरेलु प्रतियोगिता गुमाउने छन्।

'जय ट्रफीका दौरान अम्पायरसँग भएको विवाद सामाजिक सञ्जालमा लेखेकाले क्यानले अनुशासनको कारबाही गरेको हो। खेलाडीसँग भएको सम्झौताअनुसार नै कारवाही गरिएको हो। उहाँलाई एउटा घरेलु प्रतियोगिताका लागि निलम्बन गरिएको हो,' क्यानका प्रवक्ता छुम्बी लामाले भने। मधेस प्रदेशमा सम्पन्न जय ट्रफीका दौरान लाइटिङ समस्याका कारण भएको विवाद लामिछानेले सामाजिक सञ्जालमा लेखेका थिए। उनले अम्पायरले विपक्षीको हित हुनेगरी बढी ओभर खेलाएको आरोप लगाएका थिए।

सन्दीपले हालै फेसबुकमार्फत आफ्नो समर्थकलाई (बाँकी ३ पेजमा)

धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्वारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipost.com, मुद्रकः समेजी अफसेट प्रेस बैयाबेहडी, धनगढी